नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

काठमाडौं

## जग्गा लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको ३५ दिने सूचना

(सूचना नं. : सम्पत्ति-२०८३।८४-०७  प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।६।१६)

**नेपाल सरकारबाट समस्याग्रस्त घोषणा गरिएका संघ तथा संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धि जिम्मेवारी सहकारी ऐन, २०७४ को दफा १०५ अनुसार गठित यस समिति समक्ष रहेकोमा समस्याग्रस्त सहकारी संस्था/संस्थाका ऋणि सदस्य/जमानिकर्ता/सञ्चालकहरूबाट बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना सहितको ऋण दायित्व तिर्न बुझाउनको लागि सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम (१) देहाय (क) बमोजिम सूचना प्रकाशित गर्दा समेत आफ्नो दायित्व फरफारक नगरेकाले संस्थाको नाममा दर्ता कायम रहेको तपशिल बमोजिमका जग्गाहरू सहकारी ऐन, २०७४ को दफा ७९ बमोजिम लिलाम विक्रि गर्ने प्रयोजनको लागि सहकारी नियमावली, २०७५ को नियम ३० को उपनियम १ को खण्ड (च) बमोजिम चलनचल्तीको (न्यूनतम) मूल्य कायम गरिएको र कम्तीमा न्यूनतम मूल्यबाट नघट्ने गरी तपसिल बमोजिमको घर/जग्गा खरिद गर्न इच्छुक व्यक्ति, संस्था वा बचतकर्ताबाट यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश हुन सहकारी ऐन, २०७४ को दफा १०६ को उपदफा (ज) को अधिनमा रही यसै सूचना मार्फत आव्हान गरिएको छ।**

**(क) लिलाम विक्री हुने सम्पत्ति र न्यूनतम मूल्य :**

| क्र.सं. | सहकारीको नाम | जिल्ला | घर जग्गाको साविक न.पा./गा.वि.स., वडा नं., सिट नं. | कित्ता नं. | क्षेत्रफल | न्यूनतम मुल्य प्रतिआना | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | गौतम श्री बहुउदेश्यीय सहकारी संस्था लिमिटेड | काभ्रेपलाञ्चोक | नासिकास्थान साँगा-५, ५ख | १०४९ | १-८-२-१ को ५०% हकहिस्सा | ३,६०,०००।- | ८८,४२,५००।- (५०% हकहिस्साको जम्मा रकम रू. ४४,२१,२५०।-) | - ५०% हकहिस्सा मात्र लिलाम हुने, -जग्गाको अवस्थिती भिरालो रहेको |

**(ख) शर्तहरू:**

१. **माथि उल्लेखित जग्गा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ।**

२. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र रू. ३,०००।- बुझाई यस समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयबाट बोलपत्र फाराम खरिद गर्नुपर्नेछ ।

२. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा दर्ता गर्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरू ३५औं दिनको बेलुकी ५:३० बजे कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । तर बोलपत्रवाला वा निजको प्रतिनिधीको अनुपस्थितीमा बोलपत्र खोल्न बाधा पर्नेछैन । सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा तत्पश्चात कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

३. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

४. शिलबन्दी बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम केरमेट नगरी अङ्क र अक्षरमा स्पष्टरूपमा उल्लेख गर्नु पर्नेछ । बोलपत्र दर्ता गरे पछि त्यसमा कुनै किसिमको हेरफेर गर्न पाइने छैन । बोलपत्र शर्त रहित हुनु पर्नेछ ।

५. बोलपत्रदाता व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बर, आयको स्वःघोषणा फाराम, धरौटी रकम जम्मा गरेको सक्कल भौचर र बोलपत्रदाता फर्म, संगठित संस्था वा कम्पनी भए इजाजतपत्र, दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, अधिकार-पत्र, करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, धरौटी रकम जम्मा गरेको सक्कल भौचर बोलपत्रसाथ संलग्न हुनुपर्नेछ ।

६. सिलबन्दी बोलपत्र दर्ता गर्न आउँदा व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्र वा सो को प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीको हकमा संस्थाको अधिकार पत्र र प्रनिनिधीको नागरिकता सहित उपस्थित हुनु पर्नेछ ।

७. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १० (दश) प्रतिशत रकम कृषि विकास बैंक लिमिटेड, पुतलीसडकमा रहेको यस समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको निम्न बमोजिमको खातामा जम्मा गरी सो को सक्कलै भौचर पेश गर्नुपर्नेछ :

खाताको नाम : समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गौतम श्री,
बैंक खाता नं. : ०२०९९०५४६५३५८०१७

८. बोलपत्र दर्ता गर्ने मिति सम्ममा भौचरमा उल्लेखित रकम तोकिएको खातामा जम्मा भई सकेको हुनुपर्नेछ । अन्यथा बोलपत्रदातालाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

९. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रम मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ । यसरी सहभागी हुन चाहने बढिमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रममा सम्झौता मान्य हुनेछ । साथै, सो उपक्रममा सम्झौताको प्रति बोलपत्रसाथ अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ ।

१०. दाखिला खारेज वा रजिष्ट्रेशन गर्दा लाग्ने सबै प्रकारका राजश्व, कर तथा लाभकर जस्ता दायित्व खरिदकर्ता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

११. यस सूचनामा उल्लेख नभएका थप व्यहोरा तथा शर्तहरू बोलपत्र फाराममा उल्लेख रहेको छ । बोलपत्र सम्बन्धि निर्णय गर्ने पुर्ण अधिकार यस समितिमा निहित रहने छ ।

*

***

*****

***

*

फोन नम्बरः- ०१-४७७१९९९/४७७१६८१/४७७०४७४/४७७०९३२
इमेलः- sampatti.coopmc@gmail.com वेबसाइटः- www.coopmc.gov.np